# प्रेस विज्ञप्ति

मिति : २०७८/२/३१

नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री उमाशंकर अरगरियाको सम्मानमा नेपाल वायुसेवा निगममा स्वागत एंव छलफल कार्यक्रम आयोजना गरियो । उक्त अवसरमा माननीय मन्त्रीले निगमसँग भएका विमानहरुको पूर्ण उपयोग गरी नाफामूलक अवस्थामा पुऱ्याउन आह्वान गर्नुभयो । दक्षता र योग्यताको आधारमा जनशक्तिको उचित उपयोग गर्दै निगमले विगतमा बनाएको प्रतिष्ठा पुनःप्राप्ति गर्न सामुहिक प्रयासको आवश्यकता तर्फ पनि उहाँले औल्याउनु भयो ।

निगमले कोरोनाको महामारीमा पनि आफ्नो जिम्मेवारी सक्षमता साथ पुरा गरेकोमा सन्तोष व्यक्त गर्दै अझ दरिलो कार्ययोजना सहित अघि बढन तत्कालै योजना बनाउन र गुमेको बजार पुन प्राप्त गर्न ठोस कार्यको आवश्यकता औल्याउनु भयो । उहाँले निगम नाफामूलक मात्र होइन, सेवामूलक समेत हो भन्ने अवधारणा सहित अगाडि बढन सल्लाह दिंदै सरकारका तर्फबाट पूर्ण सहयोग हुने बचतवद्धता व्यक्त गर्नुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री यादव कोइरालाले नयाँ परिप्रेक्ष्यमा निगमलाई ठोस कार्ययोजना सहित अगाडि बढाउनु पर्ने आवश्यकता औल्याउनु भयो । उहाँले निगमलाई परम्परागत ढंगमा अगाडि बढाउन नसकिने यथार्थलाई अंगीकार गर्दै नयाँ मोडेलमा परिवर्तन गरी प्रगति तर्फ लैजान सम्वन्धित क्षेत्रको भूमिका उल्लेखनीय रहने बताउनु भयो । संस्थालाई कसरी नयाँ मोडेलमा लैजाने भन्ने कुरामा विभिन्न विकल्प बारे अध्ययन गर्नुपर्ने बताउनु भयो । निगमका लागि अगाडि भएका प्रयास पर्याप्त नभएको अनुभव बताउँदै वर्तमान महाप्रवन्धकबाट संस्थालाई कसरी अगाडि बढाउने भन्नेमा व्यावहारिक प्रयास भैराखेको जानकारी गराउनु भयो । उहाँले निगमलाई पूँजीबृद्धिको आवश्यकता अनुभव भएको बताउँदै व्यवस्थापनका उच्चसोच र कर्मचारीमा सामुहिक सक्रियताले संस्था प्रगतितर्फ लाग्ने बताउनु भयो ।

महाप्रवन्धक श्री डिमप्रसाद पौडेलले विगतका गतिविधिहरुबारे प्रकाश पार्दै भविष्यका कार्ययोजनाबारे विस्तृत रुपमा अवगत गराउनु भयो । निगमलाई तत्काल अन्तर्राष्ट्रिय विमान कम्पनी बनाउन नसकिए पनि क्षेत्रिय कम्पनीको रुपमा सक्रिय र सक्षम बनाउन निगम परिवार सकारात्मक रुपमा लागि परेको उल्लेख गर्नुभयो ।

सो अवसरमा महाप्रवन्धक पौडेलले यात्रुहरुको लागि विश्वको झण्डै आधा जनसंख्या भएको भारत र चीन राम्रो बजार रहेको र बैदशिक रोजगारीमा जानेहरु पनि पर्याप्त मात्रामा भएकोले निगमले क्षेत्रिय विमान कम्पनीकै रुपमा पनि लगानीको राम्रो प्रतिफल लिन सक्ने धारणा व्यक्त गर्नुभयो । उहाँले एयरबसहरुको उडान घण्टाको उपयोग अन्तर्राष्ट्रियस्तरमै राख्न सकिएकोमा सन्तोष व्यक्त गर्दै भविष्यमा प्रयोगमा आउने भैरहवा र पोखराको विमानस्थलको ग्राउण्ड ह्याण्डलिङ्ग सेवा वापतको राजश्वमा ५ वर्षका लागि छुट गराउन र सरकारी कर्मचारीले अन्तर्राष्ट्रिय उडानमा निगमको विमान प्रयोग गर्नु पर्ने प्रावधान राख्न पनि अनुरोध गर्नुभयो ।

नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं

करिश्मा श्रेष्ठ
प्रवक्ता
नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np